## सूचना ४

श्री ५ को सरकारको मिति २०४४।८।११ को निर्णयानुसार धनकुटा नगर योजना कार्यान्वयन समितिको सदस्य-सचिव श्री माधवप्रसाद ढकाल गुठी संस्थानमा काजमा जानुभएकोले उहाँ काजबाट फिर्ता भै हाजिर नभएसम्मको लागि सो सदस्य-सचिव पदमा नि.से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही समितिका शाखा अधिकृत श्री रामेश्वर रेग्मीलाई का. मु. मुकरर गरेको छ।

आज्ञाले,
गजेन्द्रबहादुर मूल
उपसचिव

श्री ५ को सरकार
## सामान्य प्रशासन मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले मिति २०४४।७।१३ को निर्णयानुसार आपूर्ति मन्त्रालयका उपसचिव श्री रिपुजीतकेशरी पाण्डेले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको प्रमुख भन्सार अधिकृत पदमा छँदा भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ अन्तर्गतको कसूर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २० (२) को अधीनमा निजामती सेवा नियमावली, २०२१ को परिच्छेद १० को नियम ६ (७) को अभियोगमा सोही नियमावलीको नियम १०.१ (६) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरेको छ ।

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव

## सूचना २

श्री ५ को सरकारले मिति २०४४।८।१ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका श्री तुलसीप्रसाद पौडेललाई जिल्ला पञ्चायत सचिवालय, शिक्षा शाखा, डोटीको सहायक जिल्ला शिक्षा अधिकारी पदबाट नेपाल गुणस्तर तथा नापतौल विभागको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सरुवा गरेको छ ।

आज्ञाले,
अर्जुनमणि आ. दी.
उपसचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५६